

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ११ गते मंगलबार ❑ 27 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सरकारभन्दा पार्टी र विचारको विकासमा लाग्छौँ : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीको प्राथमिकता सरकारमाभन्दा पनि पार्टी सङ्गठन निर्माण र विचारको विकास भएको बताउनुभएको छ ।



कास्कीको पोखरामा यही भदौ ९ गतेदेखि सुरु भएको पार्टीको गण्डकी प्रदेशस्तरीय परामर्श बैठकको सोमबार समापनमा अध्यक्ष दाहालले जनतामा जान र नयाँ विचारको विकासमा लाग्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन दिनुभयो । "हामी सरकारको जोड घटाउमा लाग्ने होइन, अरुले हामीलाई खोज्दै आउने स्थिति हुनसक्छ । अवको कार्यभार पार्टी र विचारको विकास गर्ने गरी लाग्ने हो", उहाँले भन्नुभयो । अध्यक्ष दाहालले माओवादी केन्द्र अहिले पनि देशको महत्वपूर्ण शक्ति रहेको उल्लेख गर्दै राष्ट्रिय स्वाधिनताको रक्षा र अहिलेका उपलब्धीको रक्षा अन्यबाट सम्भव नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "परिवर्तनका उपलब्धीलाई उल्टाउने षड्यन्त्र भइरहेको छ। त्यसमा हामी सबै सजग हुनुपर्दछ । आवश्यक परेको खण्डमा पुनःसङ्घर्षमा उत्रिएर भए पनि परिवर्तनलाई जोगाउनु पर्दछ ।" बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक पारित भएसँगै १२ बुँदे सहमति करिब अन्त्य हुन लागेको र देश नयाँ ठाउँमा जान लागेको अध्यक्ष दाहालले बताउनुभयो । उहाँले पार्टीलाई एकतावद्ध बनाउँदै समाजवादी क्रान्तिका लागि तयारी गर्नुपर्नेमा जोड दिनुभयो । "अहिले समाजवादी क्रान्तिका लागि बस्तुगत आधार तयार भएको छ । त्यसका लागि पहिलो सर्त पार्टीभित्रको एकता हो", उहाँले भन्नुभयो ।

सो बैठकमा पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्षद्वय अग्नीप्रसाद सापकोटा र पम्फा भुसाल, महासचिव देव गुरुङ, उपमहासचिव जनार्दन शर्मा, वर्षमान पुन, गिरीराजमणि पोखरेल, हरिबोल गजुरेलगायतले आफ्नो धारणा राख्नुभएको थियो ।

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले सङ्क्रमणकालीन न्यायसम्बन्धी (टिआरसी) विधेयक संसद्का दुवै सदनबाट पारित भएपछि सहिद तथा बेपत्ताका परिवारलाई सम्मान र परिपूरणको ढोका खुलेको बताउनुभएको छ । सहिद तथा बेपत्ताका परिवारसँगको भेटमा सोमबार पोखरामा उहाँले लामो समयको मेहिनतपछि टिआरसी विधेयक टुङ्गो लागेको बताउनुभयो । अध्यक्ष दाहालले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक पारित भएसँगै बेपत्ता योद्धाका बारेमा आयोगले छानबिन गर्ने र अब अवस्था पत्ता लगाउन धेरै समय नलाग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सहिदका लागि मात्र होइन, बेपत्ता योद्धाको अवस्था पत्ता लगाउने बाटो खुलेको छ । आयोगले छानबिन गर्छ, अब धेरै समय लाग्दैन । बेपत्ताले पनि सहिदको सम्मान र परिपूरण पाउँछन् ।" माओवादी केन्द्रको नेतृत्वमा रहेको अघिल्लो सरकारले जनयुद्धका सबै सहिदलाई राष्ट्रिय सहिद घोषणा गरेर राजपत्रमा प्रकाशित गरेको बताउनुभयो । "अरु सबै सहिद हुने, जनयुद्धका सहिद राष्ट्रिय सहिद नहुने, यसले तपाईं हामी सबैलाई टेन्सन थियो । त्यो पनि यो पटक सरकारले सबैलाई राष्ट्रिय सहिद घोषणा मात्रै गरेको होइन, राजपत्रमै प्रकाशित गरियो । सबै सहिद राष्ट्रिय सहिदको दर्जामा जानुभयो", अध्यक्ष दाहालले भन्नुभयो ।

बेपत्ता योद्धा परिवार कास्कीका अध्यक्ष अणनाथ बरालले बेपत्ता भएकाको अवस्था लामो समयसम्म पत्ता लाग्न नसक्दा आफूहरू अहिले पनि पीडामा रहेको बताउनुभयो । "हाम्रा परिवारका सदस्यको अवस्था अहिलेसम्म पनि हामीलाई केही थाहा हुन सकेन । हामीले जातीय परम्परा अनुसारको कर्म गर्न पाएका छैनौँ । परिवार पीडामा बाँचिरहेका छौँ", उहाँले भन्नुभयो ।

## पोखरामा श्रीकृष्ण जन्माष्टमी पर्व धुमधामका साथ मनाईयो

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

पोखरामा पनि यस बर्षको श्रीकृष्ण जन्माष्टमी पर्व धुमधामका साथ मनाइएको छ ।

पोखराका विभिन्न कृष्ण मन्दिरहरुमा सोमबार भगवान् श्रीकृष्णको पूजा आराधना सहित र्‍याली सहितको झाँकी समेत प्रर्दशनी गरिएको छ ।



पोखरा १० रामबजारमा श्रीकृष्ण मन्दिरमा, श्रीकृष्ण मन्दिर संचालक समितिको आयोजनामा, पोखरा महानगरपालिका वडा नम्बर १५ को कार्यालय तथा श्याम श्याम सत्संग पोखरा १५ (राधे राधे) को संयुक्त आयोजनामा पोखरामा सोमबार बृहत शोभा यात्रा निकालिएको छ । त्यसै गरी पोखराका विभिन्न स्थानमा श्रीकृष्ण जन्माष्टमी पर्व विभन्नि कार्यक्रमको आयोजना गरी मनाउनु भएको छ ।

पोखरामा निकालिएको शोभा यात्रामा स्थानिय आमा समुह देखि बिद्यालय सहित विभिन्न संघ संस्थाको सहभागिता रहेको श्रीकृष्ण मन्दिर संचालक समितिका अध्यक्ष विश्व तण्डुकारले बताउनुभयो । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व विगतका बर्ष देखि मनाउदै आएको पोखरा १५ का अध्यक्ष तोरण बानियाँले बताउनुभयो । पोखराका धेरै कृष्ण मन्दिरहरुमा भजन चुड्का प्रतियोगिताहरु समेत आयोजना भएको छ । श्रीकृष्णले गोपिनी र राधासँग गरेको प्रेम प्रसङ्गका कारण यो महिनाभर प्रेम उत्सव अर्थात् झुला उत्सवका रुपमा समेत मनाउने गरिन्छ । आजको दिनमा विशेष गरी महिलाहरु ब्रत बसी राति १२ बजे श्रीकृष्ण जन्मिएको सम्झनामा पूजा लगाउने र रातभर जाग्राम बसेर श्रीकृष्णको भक्ति सङ्गीत गाउने गर्नु हुन्छ । यसो गरेमा श्रीकृष्ण प्रशन्न भई मनोवाञ्छित फल प्राप्त हुने धार्मिक विश्वास रहेको छ । श्रीकृष्ण जन्माष्टमको अवसरमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको छ । शोभा यात्रामा भजन समूह, पञ्चेबाजा तथा ब्याण्ड बाजा समूह पनि सहभागी हुनु भएको थियो ।

## बामपंथी नेता टेकनाथ बरालको प्रथम स्मृति सभा भदौ १२ मा

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं



बामपंथी नेता टेकनाथ बरालको प्रथम स्मृति उहाँ दिवंगत भएको दिन भदौ १२ गते मनाइने भएको छ । पोखरा-७ नुवारथोक स्थित पोखरा इभेन्ट सेन्टरमा दिउँसो १२ बजे स्मृति समारोह आयोजना गरिएको उहाँका छोरा विद्या विमल बरालले जानकारी दिनुभयो । बामपंथी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मौलिक संस्कृति बिर्सिने होइन, विश्वव्यापी बनाउने हो : प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, १० भदौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा रहेका अनेकौँ सांस्कृतिक तथा मौलिक परम्पराहरूको जगेर्ना गर्दै तिनीहरूको विश्वव्यापीकरण गर्नुपर्ने बताउनुभएको छ ।

गौरापर्वको अवसरमा सोमबार टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपालमा उपलब्ध प्राकृतिक र सांस्कृतिक विविधता जगेर्ना गर्न सबैले जिम्मेवारीबोध गर्नुपर्ने बताउनुभयो । "हामीसँग अनेकौँ साँस्कृतिक विविधता र मौलिक संस्कृति छन् । त्यसलाई बिर्सिने होईन, विश्वव्यापी बनाउने हो", उहाँले भन्नुभयो । प्रधानमन्त्री ओलीले सुदूरपश्चिम क्षेत्र नेपालको सभ्यताको उद्गमस्थल रहेकोसमेत उल्लेख गर्नुहुँदै त्यहाँको संस्कार शैली र परम्परालाई संरक्षण र सम्वर्द्धन गर्न सक्नुपर्ने बताउनुभयो । सोही अवसरमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गौरापर्व सुदूरपश्चिम र कर्णालीको मौलिक चाँड रहेको बताउँदै यसले एकता र भातृत्वको सन्देश दिएको बताउनुभयो । त्यस्तै, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले गौरापर्वले आत्मअनुशासन, मर्यादा, सद्भाव र आत्मियताको सन्देश बोकेको बताउँदै सबैले त्यसलाई व्यवहारमा पनि त्यो देखाउन सक्नुपर्ने बताउनुभयो । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले सुदूरपश्चिम क्षेत्रमा निकै सम्मान र आत्मियताका साथ गौरापर्व मनाउने गरेको उल्लेख गर्दै राष्ट्रिय एकता र सद्भावका लागि यो पर्वले भूमिका खेल्ने बताउनुभयो । मुलुकका हरेक चाडवाड र पर्वहरूले राष्ट्रियता एकतालाई अझ मजबुद बनाउने उहाँको भनाइ छ । पूर्वउपप्रधानमन्त्री डा भीमबहादुर रावलले गौरापर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूको सुख, शान्ति, समृद्धिको कामना गर्नुभयो ।

हरेक वर्ष भाद्र शुक्ल पञ्चमीदेखि अष्टमीसम्म सुदूरपश्चिम क्षेत्रमा विशेष रुपमा मनाइने यस पर्वमा भगवान् शिव र पार्वतीको पूजा अर्चना गरी व्रत बस्ने गरिन्छ । राजधानीमा बसोबास गर्दै आएका सुदूरपश्चिमवासीले आज टुँडिखेलमा गौरापर्व मनाएका छन् ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## खुला भजन चुड्का प्रतियोगितामा देवीस्थान भजन समूह हेमजा प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

श्रीकृष्ण जन्माष्टमीका अवसरमा राधाकृष्ण सांस्कृतिक समूह, पोखरा -३२ द्वारा आयोजित नवौं श्रीकृष्ण जन्माष्टमी महोत्सव एवम् खुल्ला भजन चुड्का प्रतियोगितामा देवीस्थान भजन समूह, हेमजाले प्रथम स्थापन हासिल गरेको छ ।

प्रतियोगितामा मुक्तेश्वर लोक खैंजेडी भजन समूह टोखा काठमाडौं द्वितीय, ओमकार भजन समूह फूलबारी पोखरा तृतीय र पञ्चासे भजन समूह सान्त्वना बनेका छन् ।

प्रतियोगितामा उत्कृष्ट बाद्यबादनमा शिशुवा भजन समूह, उत्कृष्ट भेषभुषामा मातृकेश्वर भजन समूह, हेमजा र उत्कृष्ट स्वरतर्फ शुक्ला हिलेटार शिवालय भजन समूह विजयी भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः रु ५० हजार, रु ३० हजार, रु २० हजार र रु १० हजार नगद सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

त्यस्तै उत्कृष्ट बाद्यबादन र उत्कृष्ट भेषभुषा बापत रु पाँच/पाँच हजार र उत्कृष्ट स्वर बापत रु तीन हजार नगद सहित प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा १३ वटा समूहले भाग लिएका थिए भने प्रतियोगिताभन्दा बाहिरबाट विभिन्न जातजातिका पाँचवटा प्रस्तुति गरिएको थियो । प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री एवम् पूर्वगृह मन्त्री खगराज अधिकारीले हाम्रा मौलिक संस्कृतिहरूको जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो । राधाकृष्ण मन्दिर परिसर नजिकै भैरहेको महानगरको फोहोर विसर्जनप्रति लक्षित गर्दै उहाँले पावन भूमिको नजिक फोहोर व्यवस्थापन गर्न नहुने बताउनुभयो । राधाकृष्ण मन्दिर र यस क्षेत्रलाई आश्रमस्थल, विद्याश्रम मात्र नभै अनुसन्धानको केन्द्र बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का विखर्चीले गर्ग ऋषिको तपोभूमिका रुपमा रहेको यस क्षेत्रको संरक्षणसँगै विकास गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल रेडक्रस सोसाइटी पोखरा महानगरपालिका वडा नं ३२ का सभापति एवम् गगनकालिका बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष किसान परियारले राधाकृष्ण मन्दिर परिसर नजिकै फाल्ने गरिएको फोहोरका कारण मन्दिर, आश्रम, गुरुकुलसँगै यस क्षेत्र प्रदुषित भइरहेको बताउँदै यसतर्फ राज्यको ध्यान तत्काल पुग्नु जरुरी रहेको बताउनुभयो । यस क्षेत्रका सबै प्रभावितलाई तत्कालै निशुल्क स्वास्थ्य बिमामा समेट्न उहाँले आग्रह गर्नुभयो ।

समूहका अध्यक्ष सञ्जयराज ढकालले प्राचीन संस्कार र संस्कृतिको जगेर्नाको उद्देश्यका साथ समूहले यस किसिमका कार्यक्रमलाई प्राथमिकतामा राखेको बताउनुभयो । कार्यक्रममा समूहमा विशिष्ट योगदान पुऱ्याएको भन्दै छविलाल दहाल, पार्वती लामिछाने र प्रकाशचन्द्र वाग्लेलाई सम्मान गरिएको थियो ।

# कास्कीको मादी, रुपा, अन्नपूर्ण र माछापुच्छ्रेमा थप पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

जिल्लामा एक वर्षका अवधिमा चार हजार चार सय ३४ मिटर पदमार्ग निर्माण गरिएको छ । प्रदेश सरकारको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमातहतको पर्यटन तथा उद्योग कार्यालयले सो पदमार्ग निर्माण गरेको हो ।

पोखरा महानगरपालिका, मादी, रुपा, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाका विभिन्न वडामा पदमार्ग निर्माण तथा स्तरोन्नति गरिएको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख महराज ढकालले जानकारी दिनुभयो। आर्थिक वर्ष २०८०/८१ मा पर्यटन पूर्वाधारअन्तर्गतका ४७ आयोजनामध्ये ४३ सम्पन्न भएको थिए । कुल आयोजनामा दुईवटा सम्झौता नै भएनन् भने दुईवटा सम्झौता भएर पनि कार्यान्वयनमा गएका थिएनन् । गत वर्ष पर्यटन पूर्वाधारतर्फ रु दुई करोड ८० लाख बजेट विनियोजन गरिएको थियो । कार्यालय प्रमुख ढकालले पर्यटकीय पदमार्ग निर्माणले पर्यटक तथा स्थानीयवासीलाई सजिलो भएको बताउनुभयो । यसैगरी पर्यटकीय उद्यान (पार्क)हरूमा निर्माण भएका पूर्वाधारले पर्यटकीय आकर्षण वृद्धि गरेको बताइन्छ । पर्यटकको आगमन बढी भएका स्थानमा अप्ठ्यारो बाटोलाई सहज बनाइएको र विभिन्न स्थानमा रेलिङ राखिएको कार्यालय प्रमुख ढकालले बताउनुभयो ।

"पर्यटकीय गतिविधि बढी भएका स्थानलाई प्राथमिकतामा राखेर 'फुटट्र्याक' निर्माण गरिएको छ। यसबाट पर्यटकलाई र स्थानीयलाई समेत आवतजावतमा विगतमाभन्दा बढी सहज भएको छ", उहाँले भन्नुभयो । गत वर्ष पोखरा-२० को खोरखरी कुना-काहुँखोला पदमार्ग, मौरेबगर मार्गी-बेतैनी ज्ञान बिसौना पर्यटक पदमार्ग पोखरा-२२ र २३, जल्केनी-भैरवकोट-कालिका-रिठ्ठुमाडा पैदलमार्ग रुपा-१, हनुमान पोखरी-भोटेपोखरी हाइकिङ पदमार्ग पोखरा-३३, लाँकुरीबोट पर्यटक विश्रामस्थल पोखरा-१६, बराहक्षेत्र पर्यटन पूर्वाधार पोखरा-३१, मादी वडा नं ६ र ७ स्थित थाक हिल पर्यटन पूर्वाधार, पोखरा-२९ मा मुक्तिनाथ सत्सङ्ग आश्रम पर्यटकीय पूर्वाधार निर्माण गरिएको छ । यसैगरी पोखरा-२८ को लामिछानेगाउँ पदमार्ग निर्माण, पोखरा-१९ मा पर्यटकीय दुर्गा मन्दिर स्तरोन्नति तथा सौन्दर्यकरण, मादी-२ मा क्वलासोथार बृहत् पर्यटन विकास पूर्वाधार निर्माण, पोखरा-३३ स्थित ब्रम्हाज्योति प्राविबाट निरकण्ठेश्वरी मन्दिरसम्म पर्यटक पदमार्ग, मादी-१२ को लिपेपानी देवीडाँडा सिँढीबाटो गत वर्ष निर्माण सम्पन्न गरिएको थियो ।

यसैगरी शिवमन्दिरमा पर्यटकीय पार्क निर्माण पोखरा-३३, कैलाशटोलमा पदमार्ग निर्माण पोखरा-१४, पोखरा-१३ स्थित शितलादेवी पार्क निर्माण, नागिधारा पुरानोगाउँ ऋपुडाडा पर्यटकीय पदमार्ग मादी-८, सिक्लेस कपुचे पर्यटन पदमार्ग निर्माण मादी-१, तागा विसमुरे पर्यटन पदमार्ग अन्नपूर्ण-३, पचभैया सिमलडाँडाबाट रुपाताल जोड्ने पदमार्ग पोखरा-३१, अकलादेवी तथा लक्ष्मीनारायण विकास पोखरा-१९, कैलाशेश्वर शिव मन्दिर पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण पोखरा-१९, नेटापोखरीबाट तक्मेल देउरालीसम्म पर्यटकीय पदमार्ग पोखरा-१९, पोखरा-३३ स्थित कुसुण्डे एक्लेसाल हुँदै शान्तिउदय पदमार्ग निर्माण, रुपा-७ स्थित दम्से-थुम्के पर्यटकीय पूर्वाधार, पोखरा-१८ को चौरपाखा मेथलाङ्ग पर्यटन पैदलमार्ग, अन्नपूर्ण-४ को भुमेथानबाट सिद्धथान हुँदै सितगुफा जाने पदमार्ग गत वर्ष निर्माण गरिएको हो । पर्यटन कार्यालयका अनुसार पोखरा-३३ को भगवती मन्दिरमा धार्मिक पर्यटकीय पूर्वाधार, पोखरा-११ मा सर्वेश्रवर खेलमैदान पदमार्ग, पोखरा-२२ स्थित विश्वशान्ति स्तुपाको फुटट्र्याक, पोखरा-१७ को शङ्करधाम घट्टेखोला पार्क, शीतल गुफा तथा विद्येश्वर मन्दिर क्षेत्रमा पर्यटन पूर्वाधार अन्नपूर्ण-५, पोखरा-२० को नाजिम बास्थल पदमार्ग, रुपास्थित कवापानी स्याक्लुङकोट पदमार्ग निर्माण गरिएको छ । यसैगरी पोखरा-२१ को पोखरेलथोक पर्यटकीय पार्क, पोखरा-३३ स्थित लामगादी मणिथान पदमार्ग, पोखरा-१६ को कालिखोला-अर्मलाकोट पदमार्ग निर्माण, धारापानी-कयरवारी पदमार्ग पोखरा-२३, महरा-निग्जा रोक्का चिचिन्ने पदमार्ग माछापुच्छ्रे-५, विजयपुर खोला फेदीबाट काफलघारी हुँदै सिद्धिपुरसम्मको पर्यटन पैदलमार्ग, पोखरा-१६ को जयबुद्ध गुम्बा पर्यटन पूर्वाधार, अन्नपूर्ण-१० स्थित घान्द्रुक-भैंसीखर्क-डाँडापानी-घोरेपानी-पदमार्ग र मादी-५ स्थित गारगाटे बरको चौतारी निर्माण पर्यटनतर्फ गत वर्ष कार्यान्वयन गरिएका योजना रहेका छन् ।



पर्यटकको प्रतिक्षामा डुङ्गा चालकः
पोखराको फेवाताल किनारमा तालवाराही मन्दिर दर्शन गर्न एवं फेवातालमा डुङ्गा सयर गरेर मनोरञ्जन लिन आउनेहरुको प्रतिक्षामा बसेको डुङ्गा चालक । तस्बिरः रासस

# श्रीकृष्ण प्रणामी मन्दिरमा आयोजित रक्तदानमा ५० युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं



श्रीकृष्ण प्राकट्य उत्सवको अवसरमा श्रीकृष्ण प्रणामी मन्दिर पोखरा ८ रत्नचोकमा आयोजित रक्तदानमा ५० युनिट रगत संकलन भएको छ ।

श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल जिल्ला समिति कास्कीको आयोजनामा श्रीकृष्ण प्रणामी मन्दिर परिषरमा आयोजित रक्तदान कार्यक्रममा ५० पिन्ट रगत संकलन भएको हो । नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्माले पहिलो रक्तदाता मिलन केसीलाई ब्लड ब्याग हस्तान्तरण गरी शुरु भएको रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका हुन । सो अवसरमा वोल्दै रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्माले विभिन्न संघ संस्थाहरुले आयोजना गरेको रक्तदान कार्यक्रमबाट रक्तसञ्चार केन्द्र पोखरामा कहिलेपनि रगतको अभाव नभएको वताए । विभिन्न विपत्तिका समयमा समेत रक्तसञ्चार केन्द्रमा रगतको अभाव नरहेको वताउदै उनले हरेक स्वस्थ ब्याक्तिले हरेक तीन महिनामा रक्तदान गर्न सकिने र पछिल्लो समय गण्डकी प्रदेश सरकारको सहयोगमा रक्तसञ्चार केन्द्रबाट निशुल्क रगत प्रदान गरिरहेको उनको भनाइ रहेको थियो ।

त्यस्तै श्रीकृष्ण प्रणामी सेवा समितिमा गत साउन १० देखी आयोजना भएको श्रीकृष्णवीतक एवं श्रीकृष्ण कथा प्रवचनका प्रमुख बाचक तुलसीस्वरुप महाराजले स्वास्थ्यनै धन भएकाले मानिसले स्वस्थ रहनका लागी समेत रक्तदान गर्न आवश्यक रहेको वताए । स्वस्थ मानिसले रक्तदान गरी रगत अभावमा परेका विरामीको उद्धार हुने भएकाले रक्तदान सेवा समेत रहेको उनको भनाइ रहेको थियो । सो अवसरमा वोल्दै श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले श्रीकृष्ण प्रणामी मन्दिरमा धार्मिक कार्यक्रममात्र नभइ विभिन्न सामाजिक कार्यक्रमहरु समेत हुदै आएको वताउदै आफुहरुले स्वास्थ्य शिविर, आँखा शिविर रक्तदान कार्यक्रमहरुलाई समेत निरन्तरता दिदै आइरहेको र सोही अनुरुप श्रीकृष्ण जन्माष्टमीको अवसर पारी श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल जिल्ला समितिको आयोजनामा रक्तदान कार्यक्रमको आयोजना गरिएको वताए ।

श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल जिल्ला समिति कास्कीको अध्यक्ष तोयानाथ सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा श्रीकृष्ण प्रणामी सेवा समितिका निवर्तमान अध्यक्ष पुरुषोत्तम रेग्मी, समितिका निवर्तमान सदस्य देवी प्रसाद खतिवडा, श्रीकृष्ण प्रणामी सेवा समिति कास्की जिल्ला अध्यक्ष लिलाम्बर सापकोटा, बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुली लगाएतले शुभकामना मन्तब्य राखेका थिएभने कार्यक्रमम पोखरा महानगरपालिका वडा नं ७ का निवर्तमान सदस्य दिनवन्धु पौडेल लगायतको उपस्थिती रहेको श्रीकृष्ण प्रणामी सेवा समितिका सचिव लक्ष्मण बरालले जानकारी दिए ।

# पोउवा संघका सदस्यलाई यती एयरलाइन्समा १० प्रतिशत छुट

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

पोखरा उद्योग वाणिज्य संघका सदस्यहरुले यती एयरलाइन्सको यात्रामा १० प्रतिशत छुट पाउने भएका छन् ।

संघ र यती एयरलाइन्सबीच भएको सम्झौता अनुसार यात्राको क्रममा सो छुटको सहमति भएको संघका अध्यक्ष पवनकुमार प्रजापतिले जानकारी दिए । 'हाम्रा सदस्यहरुलाई विभिन्न ठाउँमा सहुलियत र छुट दिलाउने क्रममा यतीसँग यो सम्झौता भएको हो,'अध्यक्ष प्रजापतिले भने,'छुटको सुविधा लिन सदस्य महानुभावहरुले संघको सदस्यता कार्ड देखाउनुपर्छ । अनलाइनबाट टिकट काट्दा पनि त्यो सुविधा प्राप्त हुन्छ । हामीले यतीलाई हाम्रा सदस्यहरुको नामावली पठाइसकेका छौँ ।'

उनले सदस्यहरुलाई सहुलियत दिने उपक्रममा पृथ्वी राजमार्ग बस संचालक कम्पनीसँग सो कम्पनीको बसमा यात्रा गर्दा १५ प्रतिशत भाडा छुट,मणिपाल अस्पतालमा उपचार गराउँदा १० देखि २५ प्रतिशतसम्म छुट र १ लाख बराबरको दुर्घटना बीमासमेत गराइएको जानकारी दिए ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडसँगमार्फत् गरिएको सो बीमा सम्झौता अनुसार सदस्यहरुको दुर्घटना भएमा त्यसबापत् बढीमा एक लाख रुपैयाँसम्मको बीमा रकम प्राप्त उनले बताए ।

# भुर्जुङखोलामा जारी महायज्ञमा एकै दिन साढे ३८ लाख संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

माछापुच्छ्रे गाउँ पालिका वडा नं -२ भुर्जुङखोलामा जारी महायज्ञमा सोमबार एकै दिन साढे ३८ लाख दान संकलन भएको छ ।

सोमबार जन्माष्टमीका दिन ठूलो राशिको दान संकलन भएको हो भदौ ६ गतेदेखि शुरु भएको महायज्ञको पाँचौं दिन सम्म ६१ लाख दान संकलन भएको महायज्ञ आयोजक समितिका अध्यक्ष सर्वजित गुरुङले जानकारी दिए।सोमबार गण्डकी रेन्वो ट्राउट फर्मका संचालक बिष्णु कुमारी र कृष्ण कुमारी गुरुङले पाँच लाख नगद दान गर्नु भएको माछापुच्छ्रे गाउँ पालिका वडा नं -२ का अध्यक्ष गणेश आचार्यले जानकारी दिए । शिवालय महादेव मन्दिर व्यवस्थापन समितिको आयोजनामा भएको श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ खाँदरजुङ स्थित घोप्टेडाँडामा बिशाल शिवमूर्ति, बुद्ध मूर्ति र क्होइबो घिं स्थापना गरिने योजना छ। माछापुच्छ्रे गाउँ पालिका र सार्दीखोलामा धार्मिक पर्यटन बृद्धिका लागि धार्मिक मेलाको रुपमा महायज्ञलाई लिइएको वडाध्यक्ष एवं गाउँ पालिकाका प्रबक्ता गणेश आचार्यले बताए । पण्डित दिपक प्रसाद पौडेलले कथा वाचन गरेको महायज्ञको सोमबार नेपाली काङ्ग्रेस गण्डकी प्रदेश अध्यक्ष शुक्रराज शर्मा, गण्डकी प्रदेश सभा सदस्य प्रकाश बराल, समाजसेवी भीम तामाङ, वडाध्यक्षहरु गणेश आचार्य, नारायण पौडेलको आतिथ्यता रहेको प्रचार समितिका संयोजक कृष्ण प्रसाद गौतमले जानकारी दिए । महायज्ञ भदौ १४ गतेसम्म संचालन हुने आयोजक समितिका अध्यक्ष सर्वजीत गुरुङले जानकारी दिए । महायज्ञ सफल पार्न सबै जात, धर्म र सम्प्रदायको सहयोग मिलेको अध्यक्ष गुरुङले बताए ।

## बामपंथी ...

नेता टेकनाथका कार्य र कृतिका सम्बन्धमा अध्ययन गर्न "टेकनाथ स्मृति अध्ययन केन्द्र स्थापना गरिएको विद्या विमल बरालले जानकारी दिनुभयो । अध्ययन केन्द्रले आन्दोलनका बारेमा जानकारी दिने र जनचेतना जगाउने कार्यक्रम गर्ने भएको छ ।

टेकनाथ स्मृति दिवसका दिन हरेक वर्ष" टेकनाथ स्मृति सम्मान "प्रदान गरिने भएको छ । यसका लागि परिवारजनले अक्षय कोष स्थापना गर्ने भएका छन । अक्षयकोष र टेकनाथ स्मृति अध्ययन केन्द्र घोषणा १२ गतेको स्मृति समारोहमा गरिने विद्या विमल बरालले जानकारी गराउनुभयो ।


## सुशासन प्रवर्द्धन गरौ

◆कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
◆भ्रष्टाचार, अनियमितता विरुद्ध शुन्य सहनशील बनौं,
◆सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
◆राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
◆रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
◆विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
◆अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
◆सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# भ्रष्टाचारमा हद म्याद नराख

भ्रष्टाचार नेपालको सबैभन्दा ठूलो समस्यामध्ये प्रमुख एक हो । भ्रष्टाचारकै कारण जनतामा असन्तुष्टि बढ्दै गएको छादेशमा राजनीतिक परिवर्तन भएपनि हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचार रोक्न राजनीतिक प्रतिबद्धता चाहिन्छ । दण्डहीनताको कारण भ्रष्टाचार मौलाएको हो भन्नेमा कसैको दुई मत छैन । यस्तो गम्भीर विषयमा कडाभन्दा कडा कानुनी व्यवस्था हुनुको साटा हदम्याद ५ वर्षमा सीमित गर्नु कानुन फितलो बनाउनु हो । भ्रष्टाचारलाई झन् प्रश्रय दिनु हो । मुलुकमा व्याप्त भ्रष्टाचार सीमाविहीन छ । कारबाहीका लागि मुद्दा चलाउन समयसीमा तोकिए भ्रष्टाचारीले उम्कने मौका पाउने प्रष्ट छ । भ्रष्टाचार गर्ने भनेको टाठाबाठाले र पदमा भएका जान्नेसुन्नेले नै हो । कानुनी छिद्र खोजेर उम्कने पनि टाठाबाठा नै हुन। ५ वर्षे हदम्याद राख्ने हो भने त्यस्ताले त्यो ५ वर्षमा आफ्ना कर्तुत गुपचुप पारेर उन्मुक्ति लिने मौका पाउँछन् ।

कुनै पनि सरकारको अवधि सामान्यता ५ वर्ष हुन्छ लोकतन्त्रमा । त्यस अवधिमा सरकारले आफ्नालाई जोगाउन चाहे हदम्याद गुजार्ने मौका सरकारमा रहँदा नै पाउँछ । तसर्थ पनि हदम्याद र त्यो पनि ५ वर्ष तर्कसम्मत र व्यावहारिक होइन । मुलुकको राजनीतिक अस्थिरताले भ्रष्टाचारलाई प्रश्रय दिएको छ । मिलीजुली सरकारमा मात्रै चलिरहेको छैन, मिलीजुली भ्रष्टाचार पनि भइरहेको छ । दल र तिनका नेताहरू तैं चुप, मैं चुप छन् । त्यही भएर पनि जुनसुकै समयको भ्रष्टाचारलाई पनि बिना हदम्याद कानुनी दायरामा ल्याउनका लागि हदम्याद राखिनु हुन्न । तोकिनु हुन्न । भ्रष्टाचारका लागि कानुनी छिद्र हदम्याद हुने खतरालाई अहिल्यै छेक्नुपर्छ । ३ वर्षदेखि अड्किरहेको विधेयकको हलो हदम्याद हटाउँदै फुकाउनुपर्छ । र, भ्रष्टाचारको मुद्दा लागेपछि सार्वजनिक पदाधिकारीको निलम्बनकै व्यवस्था हुनुपर्छ । निलम्बन नहुने हो भने त्यस्तो पदाधिकारीले प्रमाण नष्ट गर्न सक्छन् ।

नेपालमा भ्रष्टाचार गरेर सम्पत्ति कमाए पछि सकेसम्म केही खर्च गरेर अदालतबाट छुटकारा पाउने गरेका केही उदाहरण छन । अदालतबाट दोषी ठहर भए पनि दावी बिगो भन्दा धेरै कम जरिवाना हुने गरेको छ । भ्रष्टाचार गरेर कमाउदा जोखिम बढी हुनुपर्ने हो । नेपालमा ठिक उल्टो छ जोखिम कम नाफा बढी छाअर्वको भ्रष्टाचार गरेको दावी सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गर्छ । विशेष अदालतले करोड धरौटी जमानीमा छाड्ने गर्छ।सर्वोच्च अदालत पुग्दा केही लाख जरिवाना बुझाए पुग्ने गरेको छ ।

भ्रष्टाचारका धेरै मुद्दामा विशेष अदालतका फैसलालाई अख्तियारले स्वीकार्न नसकेर सर्वोच्च गुहार माग्न पुगेको छ । सबै ठाउँबाट छिद्र खोजेर उन्मुक्ति दिने र लिने बढीरहेको बेला सबैले प्रष्ट बुझ्नेगरि हदम्याद तोकिनु हुँदैन । राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा भएको विधेयक भ्रष्टाचारीलाई कार्वाही गर्न हद म्याद नराखी अगाडि बढ्नु यो अभिभारा धेर्तीप्रतिको हो।सांसदहरूले देशको लागि गम्भीर भएर छलफल चलाउने परिपाटी बसाल्नु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विश्वकर्मा एकता समाजको अन्तरक्रिया



**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

विश्वकर्मा एकतासमाजको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

विश्वकर्मा एकता समाजले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कास्की जिल्लाका अध्यक्ष प्रकाश सुनारको प्रमुख आतिथ्यमा सुसम्पन्न भएको कार्यक्रममा सहभागीहरुले सामाजिक रुपमा रहेको कुरुति छुवाछुतका विरुद्धमा आफ्ना अनुभवहरु, सामाजिक वेथितिहरु आदि विषयमा बहतअन्तरर्किया गरिएको छ । भुमेपुज्ने कृषि सहकारी सस्थाका अध्यक्ष मन बहादुर सुनारले विश्वकर्मा एकता समाजको गठनको औचित्य उदेश्यका विषयमा प्रकाश पार्नुभएको थियो ।

विश्वकर्माहरुको ज्ञानसिपलाई आधुनिककरण गर्न सस्थाले अभिमुखिकरण कार्यक्रम छिट्टै सन्चालन गर्ने जानाकारी कार्यक्रम सन्चालक भिम बहादुर सुनारले जानाकारी दिनुभयो । पचास जना जति उपस्थित विश्वकर्माहरुले एकस्वरमा एकताको विगुल फुक्दै सविधानमा रहेका अधिकारको व्यवहारिक प्रयोग साथै आफ्नो अधिकारको विषयमा शुसुचित हुँदै अगाडि बढ्ने अठोट गरेको कार्यक्रम सभापति गहताराजले सम्पुर्ण विश्वकर्माहरुलाई एकताबद्ध हुन आव्हान गर्नुभयो ।

# आठ घण्टापछि खुल्यो पृथ्वी राजमार्ग

**पोखरापत्र संवाददाता**
तनहुँ, १० भदौं

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी-मुग्लिन सडकखण्ड आठ घण्टापछि सञ्चालनमा आएको छ । गत शुक्रबार आँबुखैरेनी गाउँपालिका-२ ऐनापहरास्थित मर्स्याङ्दी नदीमा दुर्घटनाग्रस्त युपी ५३ एफटी ७६२३ नम्बरको भारतीय यात्रु चढेको बस निकाल्न बन्द गरिएको सडक आठ घण्टापछि सञ्चालनमा आएको हो ।

जिल्ला प्रशासन कार्यालय तनहुँले सोमबार बिहानदेखि क्रेनको सहायतामा दुर्घटनाग्रस्त बस निकाल्न सडक बन्द गरेको थियो । क्रेनको हुक भाँचिएपछि सडक ढिला सञ्चालनमा आएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “बस निकाल्न प्रयोग गरिएको क्रेनको बुम भाँचिएकोले सडक खुलाउन ढिला भएको हो । क्रेनको बुम जडान गरिएपछि यातायात सेवा पुनः सञ्चालनमा आएको छ ।” तनहुँको आबुखैरेनी-२ ऐनापहरामा शुक्रबार दुर्घटनामा परेको पोखराबाट काठमाडौं जाँदै गरेको भारतीय नम्बर प्लेट यूपी ५३ एफटी ७६२३ नम्बरको यात्रुवाहक बस मर्स्याङ्दी नदीबाट निकाल्न ठूला मेसिनरी उपकरण प्रयोग गर्नुपर्ने भएकाले उक्त मार्ग भई चल्ने सवारी साधान पूर्णरूपमा बन्द गरिएको हो । ऐनापहरामा भारतीय पर्यटक चढेको बस मर्स्याङ्दीमा खस्दा २७ जनाको मृत्यु हुनुका साथै १६ जना सख्त घाइते भएका थिए ।

# भादगाउँ-करादी खिरखाँदी खानेपानी छ दिनदेखि अवरुद्ध

**पोखरापत्र संवाददाता**
तनहुँ, १० भदौं

अविरल वर्षापछि गएको पहिरोले खानेपानीको मुख्य पाइप बगाउँदा भादगाउँ-करादी खिरखाँदी खानेपानी आयोजना छ दिनदेखि अवरुद्ध भएको छ । व्यास नगरपालिका-१ स्थित भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले खिरखाँदी मुहानबाट ल्याएको खानेपानी पाइप बगाएपछि पानी वितरणमा समस्या भएको हो ।

यही भदौ ४ गते परेको अविरल वर्षापछि गएको पहिरोले करिब ५० मिटर लामो छ इन्चको जिआइ पाइप बगाएको सो संस्थाले जनाएको छ । प्राविधिकसहितको टोली पानी सञ्चालन गर्न मर्मतसम्भारमा खटिँदै आए पनि हालसम्म सञ्चालन गर्न नसकिएको संस्थाका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो । “व्यास-१३ स्थित लखनपुरबाट पहिरो खस्दा पाइप बगाएर सेती नदीमाथि डाँडा पुऱ्याएको रहेछ”, उहाँले भन्नुभयो, “बगाएको पाइप अप्ठ्यारो भिरमा रहेकाले झिक्न नसकेपछि संस्थाले नयाँ पाइपको व्यवस्था गरी जडान गरिरहेको छ ।” यसअघि चौध किलोमिटर दूरीमा पर्ने खिरखाँदी मुहानबाट खानेपानी ल्याइएको हो । खानेपानीको पाइप बगाउँदा पानी आपूर्तिमा समस्या भएको श्रेष्ठले बताउनुभयो । संस्थाका चारजना कर्मचारीका साथै अन्य पदाधिकारी पानी नियमित वितरण गर्न मर्मतमा निरन्तर रूपमा जुटिरहेका संस्थाका अध्यक्ष चिजबहादुर दरैले जानकारी दिनुभयो । उहाँका अनुसार खिरखाँदी मुहानको पानी प्रतिसेकेन्ड नौ लिटर क्षमताको थियो । बाढीले पानीको मुहान र पाइपमा क्षति बनाएपछि मर्मतसम्भारमा अहोरात्र खटिँदै आएका छौँ”, दरैले भन्नुभयो, “भौगोलिक विकटता र लामो दूरीबाट पानी ल्याएकाले समय समयमा बाढीपहिरोका कारण सास्ती खेप्नु परिरहेको छ ।” सानाठूला चारवटा योजनाबाट पानी सङ्कलन गरी व्यास-१ र १२ का दुई हजार छ सय ८० घरमा पानी आपूर्ति गर्दै आइएको उहाँले जानकारी दिनुभयो । यसअघि संस्थाले छाब्दी मुहान, छाब्दी खोलाका दुई बोरिङ र धुपखोला मुहानको पानी सङ्कलन गरी उपभोक्तालाई वितरण गर्दै आएको अध्यक्ष दरैले बताउनुभयो । वर्षाका कारण मुहानमा जलसतह बढेकाले हाल व्यास-१ भादगाउँस्थित धुपखोलाबाट पानी ल्याएर बिहान र बेलुका वितरण गर्दै आइएको उहाँले उल्लेख गर्नुभयो ।

# बितारित मञ्चसँग जोडिदै संगमको तीज

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

संगम बचत तथा ऋण सहकारी संस्था, पोखरा १५ ले नजिकिदै गरेको तीजको सन्दर्भ पारेर आफ्ना महिला सदस्यहरुलाई बिस्तारित मञ्चसँग जोडेको छ ।

महिला सशक्तीकरण उपसमितिको आयोजनामा भएको कार्यक्रममा शुभकामना दिदै निवर्तमान अध्यक्ष निरज थापाले आफुहरुकै पहलमा बि. सं.२०४३ सालमा राम बजारबाट सुरु भएको तीज गीत प्रतियोगिता आज देश बिदेशमा समेत फैलिएको देख्दा खुसी लागेको बताए । साथै उनले संगम सहकारीलाई नेफ्स्कुनले भर्खरै मात्र गण्डकी प्रदेशकै उत्कृष्ट सहकारी भएको घोषणा गर्नुमा महिला सेयर सदस्यहरुको पनि उल्लेख्य योगदान रहेको भन्दै सबैलाई धन्यवाद समेत दिए ।

सहकारीका अध्यक्ष नब राज तिवारीले नियमनकारी निकायले तोकेका मापदण्ड मानेर अघि बढ्नाले नै आज संगम प्रदेशको उत्कृष्ट सहकारी बन्न सकेको भन्दै नजिकिदै गरेको तीजको अग्रिम शुभकामना समेत दिए ।

संस्थाका अधिकृत बिकल्प कुँवरको स्वागत नृत्य र संस्थागत प्रस्तुति रहेको तीज बिशेष कार्यक्रमतर्फ नृत्य गर्नेहरु मध्ये सर्मिला गुरुङ प्रथम , बिनु देवकोटा दोस्रो , दिलमाया गुरुङ तेस्रो, सम्झना बानिया चौथो र पबित्रा भण्डारी पाँचौ भइ साडी पुरस्कार प्राप्त गरे भने अन्य पाँच जनालाई सान्त्वना पुरस्कारको रुपमा पछ्यौरा प्रदान गरिएको थियो ।

पुरस्कारहरु बेलायतबाट शोभा कुँवर , अमेरिकाबाट केशरी कुमारी थापा र साइप्रसबाट अमृत बिकले प्रायोजन गरेका थिए ।

यसैगरी बाल नृत्यतर्फ सीमा तिमिल्सिना पहिलो, लियोना थापा दोस्रो र समिना गुरुङ तेस्रो भइ पुरस्कार पाए ।

बिष्णु कुमारी थापाको संचालनमा भएको कार्यक्रममा तुल बहादुर गुरुङ, दिलमाया केसि थापा र सुशीला थापाले मूल्याकंनकर्ताको भुमिका निभाएका थिए ।

# पुरस्कारको रकमबाट विद्यालयमा ‘इन्टरएक्टिभ टचस्क्रिन स्मार्ट बोर्ड’ ‘स्मार्ट बोर्ड’ जडान

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० भदौं

सदरमुकाम बेनीमा रहेको प्रकाश माध्यमिक विद्यालयले शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग गर्दै ‘स्मार्ट बोर्ड’बाट अध्यापन गराउन सुरुआत गरेको छ । विद्यालयमा सञ्चालित कक्षा ११ र १२ को विज्ञान विषयको पठनपाठनमा स्मार्ट बोर्डलाई प्रयोगमा ल्याइएको हो ।

विद्यालयले दुईवटा स्मार्ट बोर्ड र आवश्यक उपकरणको खरिद गरेर स्मार्ट बोर्डबाट पठनपाठन गराउने कार्यको सुरुआत गरेको विद्यालयका प्रधानध्यापक लेखबहादुर हमालले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्ष बेनी नगरपालिकामा कार्यसम्पादन मूल्याङ्कनमा प्रथम भएपछि नगरपालिकाबाट प्राप्त गरेको रु तीन लाख पुरस्कार रकमबाट रु दुई लाख १८ हजार खर्च गरेर एउटा स्मार्ट बोर्ड सहित स्ट्याण्ड, ओपिएस बक्सलगायत सामग्री गरिद गरिएको छ ।

त्यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण श्रेष्ठले समेत व्यक्तिगत रूपमा रु एक लाख ६० हजार खर्च गरेर एक थान स्मार्ट बोर्ड खरिद गरी विद्यालयलाई उपलब्ध गराउनुभएको छ । विद्यालयमा दुईवटा स्मार्ट बोर्ड भएपछि विज्ञान विषयमा पठनपाठन हुने कक्षा ११ र १२ मा यसै स्मार्ट बोर्डबाट अध्यापन गराउन थालिएको प्रअ हमालले बताउनुभयो ।

विद्यालयको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने अभियानअन्तर्गत ‘इन्टरएक्टिभ टचस्क्रिन स्मार्ट बोर्ड’ जडान गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठले बताउनुभयो । उहाँले प्रविधिमा विद्यार्थी अघि र शिक्षक पछि पर्ने जोखिम रहेकाले स्मार्ट बोर्डले शिक्षकलाई समेत प्रविधिमैत्री बनेर अध्यापन गराउन सहयोग पुग्ने बताउनुभयो । विद्यालयले पहिलोपटक प्रयोगमा ल्याएको स्मार्ट बोर्डको आइतबार बेनी नगरपालिकाका प्रमुख सुरत केसीले शुभारम्भ गर्नुभएको छ । उहाँले शिक्षण सिकाइलाई समयसापेक्ष रूपमा प्रविधि र व्यावहारिकतामा जोड्नुपर्ने बताउँदै प्रकाश माविले स्मार्ट बोर्डबाट अध्यापन गराउन सुरु गरेको कार्यले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने बताउनुभयो । कक्षा १२ सम्म पठनपाठन हुने यस विद्यालयमा एक हजार एक सय ५० बढी विद्यार्थी अध्ययरत छन् । विसं २०६६ देखि जिल्लामा पहिलोपटक विज्ञान विषयमा कक्षा ११ र १२ मा पठनपाठन गराउन सुरु गरेको विद्यालयमा अहिले कक्षा १२ मा ३० र कक्षा ११ मा २५ जना भर्ना भइसकेको र भर्ना हुने क्रम जारी रहेको विद्यालयका सहायक प्रधानध्यापक विनय श्रेष्ठले जानकारी दिनुभयो ।


**भीरकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

**भीरकोट नगरपालिका भएर बग्ने आँधिखोलाको बगर क्षेत्रहरूबाट दिगो रूपमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०८१/०४/११)**

भीरकोट नगर कार्यपालिकाको कार्यालय बयरघारी स्याङ्जाद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ को नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | भीरकोट नगरपालिका, बयरघारी, स्याङ्जा<br>ईमेलः info@bheerkotmun.gov.np;<br>फोन नं.:०६३–४००१०६, ०६३–४००१०७ |
| प्रस्तावको व्यहोरा | भीरकोट नगरपालिका क्षेत्रमा पर्ने आँधिखोलाको विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने कार्य |
| प्रभाव पर्न सक्ने वडाहरु | स्याङ्जा जिल्ला, भीरकोट नगरपालिका, वडा नं १, २, ४, ५, ६, र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | भीरकोट नगर कार्यपालिकाको कार्यालय, बयरघारी स्याङ्जा<br>ईमेलः info@bheerkotmun.gov.np;<br>०६३-४००१०६, ०६३-४००१०७ |
| परामर्शदाताको नाम र ठेगाना | प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सि प्रा.लि., बानेश्वर, काठमाडौं, ईमेलः platformgroup5@gmail.com |

# उद्धार गर्न चिठी पठाउँदा....

रासस
म्याग्दी, १० भदौ

समुद्री सतहबाट चार हजार आठ सय मिटर उचाइमा रहेको मुस्ताङको धार्मिकस्थल दामोदरकुण्डमा जनैपूर्णिमा पर्वका अवसरमा पूजाआजाका लागि यही भदौ २ गते त्यहाँ पुगुभएकी गण्डकी प्रदेशसभा सदस्य विमला गौचन लेक लागेर (अक्सिजन अभाव भएर) बिरामी पर्नुभयो ।

टाउको दुखिरहने, शरीर गल्ने, खाना अरुचि हुनेजस्ता लक्षणसँगै हिँडडुल गर्न नसक्ने भएर दामोदरकुण्डकै धर्मशालामा अन्य दुईजना साथी र सहयोगीसँग बस्नुभएकी गौचनको टोलीलाई नेपाली सेनाको हेलिकप्टरले भदौ ६ गते उद्धार गरेको थियो ।

"दामोदरकुण्डप्रतिको आस्थाका कारण नेपालसँगै भारतबाट धैरै तीर्थयात्री आउने यस स्थानमा सञ्चार र स्वास्थ्य सुविधाको अतिआवश्यकता महसुस भयो", उहाँले भन्नुभयो, "मोबाइल फोन सेवा विस्तार हुँदा समयमै उद्धार र प्राथमिक उपचारका लागि स्वास्थ्यकर्मी परिचालन गर्ने व्यवस्था मिलाउन सकेमा बिरामी तीर्थयात्रीले समयमा नै उपचार पाउने थिए ।" प्रदेशसभा सदस्य गौचनको स्वास्थ्यमा सुधार भइरहेको छ । सञ्चार सुविधा अभावमा उद्धारका लागि चिठी लेखेर पठाउँदा ढिलाइ भएको उहाँले बताउनुभयो । धार्मिक पर्यटनका हिसाबले प्रशस्त सम्भावना भए पनि भौगोलिक विकटताका कारण दामोदरकुण्डमा राज्यको नजर पर्न नसकेको गौचनले बताउनुभयो ।

दामोदरकुण्डको समस्या र आवश्यकताका विषयमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सङ्घीय सरकारका गृहमन्त्री रमेश लेखक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई टेलिफोनबाट जानकारी गराएको प्रदेशसभा सदस्य गौचनले राससलाई बताउनुभयो । कालीगण्डकी नदीको उद्गमस्थल दामोदरकुण्ड मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाको-४ को भूगोलमा पर्छ । यहाँ स्नान गर्नाले आध्यात्मिक सन्तुष्टि मिल्नुका साथै मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । कालीगण्डकीमा मात्र पाइने शालिग्राम शिलालाई हिन्दू धर्मावलम्बीले भगवान् विष्णुका रूपमा पुज्ने गर्दछन् । दामोदर हिमशृङ्खलाको फेदीमा रहेको यस स्थल धार्मिक र प्रकृतिको मनोरम सङ्गम हो ।

मौसम र वातावरणीय हिसाबले जेठदेखि साउनसम्म दामोदरकुण्ड जान उपयुक्त हुन्छ । पाँचवटा कुण्ड रहेको दामोदरकुण्ड स्नानका लागि जनैपूर्णिमा र चैतेदशैँका दिन भक्तजन बढी सङ्ख्यामा जान्छन् । भक्तजनले दुईवटा ठूला कुण्डमा स्नान गर्ने गर्दछन् । कुण्ड वरिपरि कुशको हरियाली छ । उच्च भूभागमा पाइने यहाँको कुशको विशेष धार्मिक महत्व छ । कालीगण्डकी करिडोरको जोमसोम-कोरला सडक हुँदै अपर मुस्ताङको चराङसम्म पुगेपछि त्यहाँबाट दुई घण्टाको सवार सिाधनको यात्रापछि यारागाउँ पुग्न सकिन्छ । यारा गाउँबाट माथि भुमा ठाटीसम्म सडक पुगे पनि राम्रो नभएकाले भक्तजन याराबाट नै घोडाको यात्रा गर्दछन् । याराबाट करिब नौ घण्टा घोडाको यात्रापछि दामोदरकुण्ड पुग्न सकिन्छ । सडक यातायात, सञ्चार र बसोबासको राम्रो व्यवस्था नभएका कारण दामोदरकुण्डको यात्रा जोखिमयुक्त र कठिन भएको काठमाडौँबाट आउनुभएका धनीकुमार सापकोटाले बताउनुभयो।भक्तजनको सुविधाका लागि लोघेकर दामोदरकुण्ड गाउँपालिकाले धर्मशाला र पिउने पानीको व्यवस्था मिलाएको छ । असारदेखि साउनसम्म धर्मशालामा निःशुल्क भोजनको व्यवस्था मिलाइएको हुन्छ । कठिन यात्रा गरेर दामोदरकुण्ड पुगेपछि यहाँको प्राकृतिक सुन्दरताले सबै दुःखकष्ट भुलाइदिने उहाँले बताउनुभयो ।

"दामोदरकुण्ड साँच्चिकै स्वर्गको टुक्राजस्तो लाग्यो", उहाँले भन्नुभयो, "धार्मिक र प्रकृतिको सुन्दर सङ्गमस्थलको अनुभूति भयो।" दामोदरकुण्ड पुग्न र फर्किन प्रतिघोडा रु १० हजार खर्च लाग्ने हाले त्यहाँ गएर आउनुभएका बेनी नगरपालिका-३ का राम्जी सुवेदीले बताउनुभयो । पाँच हजार पाँच सय मिटरभन्दा अग्ला दुई पहाड उकालो र ओरालो भिरको बाटो भएर दामोदर पास पार गरेपछि दामोदरकुण्डको समथर भूभागमा पुगिने उहाँले बताउनुभयो । वरपरकासेताहिमचुचुराले घेरिएको दामोदरकुण्डको उपत्यका सुन्दर र मनमोहक देखिने सुवेदीले बताउनुभयो ।

# मुग्लिन-पोखरा सडकः एघार करोड क्षतिपूर्ति वितरण

पोखरापत्र संवाददाता
दमौली, १० भदौ

निर्माणाधीन मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँको पूर्वी र पश्चिम खण्डमा घरटहरा हटाउन रु ११ करोड आठ लाख क्षतिपूर्ति रकम वितरण गरिएको छ ।

गत आर्थिक वर्षमा पूर्वी खण्डमा रु पाँच करोड २० लाख र पश्चिम खण्डमा रु पाँच करोड ८८ लाख क्षतिपूर्ति वितरण गरिएको हो । पूर्वी खण्डअन्तर्गत तनहुँको जामुनेबाट आँबुखैरेनीसम्म छ सय ३१ घरटहरा हटाइने पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । गत आवमा क्षतिपूर्तिका लागि रु आठ करोड बजेट विनियोजन भएको थियो ।

यस खण्डअन्तर्गत व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र म्याग्दे गाउँपालिका पर्दछ । बन्दीपुरको डुम्रे बजार र दमौली बजारमा केही घरटहरा भत्काउन ढिलाइ भएको इनजिनियर पाण्डेले बताउनुभयो ।

पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखराको सेतीपुलसम्म पाँच सय ४९ घरटहरा भत्काइने पश्चिम खण्डका इन्जिनियर नारायणप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा यस खण्डमा क्षतिपूर्तिवापत रु पाँच करोड ९० लाख विनियोजना भएकामा रु पाँच करोड ८८ लाख वितरण गरिएको छ । पूर्वी खण्डमा गत आवमा एकतर्फी रूपमा ५५ किलोमिटर दुई लेन कालोपत्र भएको छ। हालसम्म एकतर्फी रूपमा ६३ किमी सडक कालोपत्र सकिएको पाण्डेको भनाइ छ । उहाँका अनुसार यस खण्डका विभिन्न स्थानमा १४ वटा साना, दुई ठूला पुल र एक सय तीन कल्भर्ट निर्माण सकिएका छन् । पाण्डेले व्यास-४ र ५ जोड्ने मादी नदीमा निर्माणाधीन पुलअन्तर्गत दुई सय पाइल निर्माण सकिएको भन्दै अब स्ल्याब र बिम बनाउने चरणमा पुगेको जानकारी दिनुभयो । गत आवमा भूक्षय रोकथामका लागि विभिन्न ठाउँमा बायो इन्जिनियरिङको काम गरिएको भन्दै पहिराजन्य समस्याले कतिपय स्थानमा काममा अवरोध पुगेको उहाँले बताउनुभयो । पूर्वी खण्डको म्याद गत वैशाख २ गते सकिएपछि एक सय ५५ दिन पुनः म्याद थप गरिएको आयोजना कार्यालयले जनाएको छ । विसं २०७७ माघ १७ गते सम्झौता भई विसं २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । त्यस्तै पश्चिम खण्डतर्फ २० किलोमिटर सडक दुई लेनमा कालोपत्र भएको छ । कार्यालयले गत आवमा १० किमी कालोपत्र गर्ने लक्ष्य राखेकामा लक्ष्यबमोजिम काम सम्पन्न गरेको मुग्लिन-पोखरा सडक योजना (पश्चिम खण्ड)का इन्जिनियर पौडेलले जानकारी दिनुभयो । विसं २०७८ जेठ २ गते सम्झौता भई २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको पश्चिम खण्डको म्याद २०८१ भदौ १२ गतेसम्म छ । यसको निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुवान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो ।

# बन्दीपुरमा तीज सप्ताहव्यापी उत्सव गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, १० भदौ

जिल्लाको बन्दीपुरमा यही भदौ १५ देखि २२ गतेसम्म सप्ताहव्यापी 'तीज सप्ताहन्त उत्सव' गरिँदै छ । पछिल्लो समय तीजमा गाइने गीतमा विकृति समावेश हुँदै आएकाले परम्परागत संस्कृति र कलाको संरक्षण गर्ने उद्देश्यले 'तीज सप्ताहन्त उत्सव' आयोजना गर्न लागिएको हो ।

यहाँ आयोजित पत्रकार सम्मेलनमा तीजका महिमा गाइने गीतमा अनेकन विकृति समावेश हुँदा हाम्रा परम्परागत गीत लोप हुनसक्ने भएकाले बृहत् रूपमा प्रतियोगिता गरी संस्कृति तथा तीजको महिमाको संरक्षण गर्न सप्ताहन्त उत्सव गर्न लागिएको कार्यक्रम संयोजक किरण पोखेलले जानकारी दिनुभयो । "नेपाली नारीहरूको महान् पर्व तीजका अवसरमा गाइने तीज गीतमा विकृति समावेश हुँदै आएको छ । हाम्रा मौलिक कला, संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले बन्दीपुरमा यही भदौ १५ देखि २२ गतेसम्म महोत्सव गर्न लागेका हौँ", उहाँले भन्नुभयो । पोखेलका अनुसार हरेक दिन बन्दीपुर क्षेत्रका विभिन्न जातजातिका सांस्कृतिक झाँकी, आमा समूह, क्लब, विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गरिने छभने प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारको विशेष प्रस्तुति रहनेछ । उहाँले भन्नुभयो, "भविष्यका लागि हाम्रा संस्कार, संस्कृति, परम्परालाई संरक्षण गर्नुपर्छ । तीज गीतमा आएको विकृतिलाई निरुत्साहित गर्न यस्तो कार्यक्रमसहितको प्रतियोगिता गर्न लागिएको हो ।" बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले यहाँ सबै किसिमका पर्यटक आउने भएकाले पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमले सहयोग पुग्ने विश्वास लिनुभयो । उहाँले धार्मिक एवं पर्यटकीय तवरबाट पनि कार्यक्रमले बन्दीपुरको प्रचारप्रसार गर्ने उहाँले बताउनुभयो । प्रतियोगितामा प्रथम हुने समूहलाई रु एक लाख एक हजार, द्वितीयलाई रु ७५ हजार, तृतीयलाई रु ५० हजार र सान्त्वना हुने समूहलाई रु २५ हजार प्रदान गरिने सञ्चालक हरिदत्त पौडेलले जानकारी दिनुभयो । उहाँले प्रतियोगिताका लागि तीन देखि १५ जनासम्मको समूह हुनुपर्ने, समूहमा सबै महिला अनिवार्य गरिएको बताउनुभयो । वाद्यवादनको सामग्री आफैँले व्यवस्था गर्नुपर्नेछ भने हरेक समूहलाई बढीमा १५ मिनेटको समय दिइनेछ । प्रतियोगितामा भाग लिन समूह दर्ता शुल्क रु दुई हजार लाग्ने आयोजकले जनाएको छ । प्रतियोगितामा छनोट, क्वाटर फाइनल, सेमिफाइनल र फाइनल चरण हुनेछन् । साथै 'बृहत् खुल्ला तीज गीत प्रतियोगिता', तीज सांस्कृतिक कन्सर्ट, तीज महिमा प्रवचन समेत प्रस्तुत गरिने कार्यक्रम संयोजक पोखेलले जानकारी दिनुभयो । यहाँ रहेका धार्मिक शक्तिपीठ सिद्धेश्वर महादेव, खड्गदेवी मन्दिर, बिन्दबासिनी मन्दिर, तिनधारे ज्योतिर्लिङ्ग, सन्तानेश्वर महादेव, चामुण्डादेवी माई, थानीमाई मन्दिर, पुरानकोट देवीलगायत देवीको दर्शन गराउने र महिमा एवं शक्तिबारे परिचित गराउने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

# बागलुङको पञ्चकोटलाई अन्नदान क्षेत्र बनाइने

पोखरापत्र संवाददाता
म्याग्दी, १० भदौ

पञ्चकोटमा एक सय ३५ फिट अग्लो कलश निर्माणसँगै अन्नदान क्षेत्र पनि सञ्चालन गरिने भएको छ । शनिबार बसेको विश्वशान्ति गण्डकी महासभाले अन्नदान क्षेत्र बनाउने निर्णय गरेको हो । महासभा बैठकले अन्नदान क्षेत्र बनाउने तयारी गरेको पञ्चकोटधाम व्यवस्थापन समितिका महासचिव माधव उपाध्यायले जानकारी दिनुभयो ।

इन्द्रनाथ आचार्य संयोजक रहेको समितिमार्फत यो कामलाई थालनी गरेर सञ्चालनमा ल्याइनेछ । "मुक्तिनाथ जाने भक्तजनलाई यहाँ आएर बस्ने र निःशुल्क भोजन गर्ने व्यवस्था हुनेछ", पञ्चकोटधाम व्यवस्थापन समितिका अध्यक्ष जगन्नाथ आचार्यले भन्नुभयो, "पूर्वाधारलाई व्यवस्थित बनाउने, आमनागरिकको भरोसाको केन्द्र पनि बनाइने छ।" दश वर्षअघिदेखि कारिकोट, रायरायकोट, माभकोट, ताराजालकोट र संसारकोट मिलाएर पञ्चकोट नामकरण गरी पर्यटकीय र धार्मिक पूर्वाधार निर्माण भइरहेको छ । पञ्चकोटमा गत माघमा धान्याञ्चलमार्फत रु ११ करोड बढी रकम सङ्कलन गरिएको छ । यो रकमले पूर्वाधार निर्माणको काम सुरु हुने वडाध्यक्ष रुद्रबहादुर केसीले जानकारी दिनुभयो । यसबाहेक महासभाले पवित्र कालीगण्डकी नदी र नदीको सभ्यता जोगाउने अभियानलाई पनि देशव्यापी चलाउने निर्णय गरेको छ । मासिक रूपमा सञ्चालन भएको ३०औँ संस्करणमा विश्वशान्ति गण्डकी महासभाले नदी सभ्यताको अभियानलाई नागरिक तहमा लैजाने तयारी गरेको हो । कालीगण्डकीमा पाइने शालिग्राम संरक्षणसहित नदीलाई सरसफाइ गर्ने र दोहनबाट जोगाउन अभियान केन्द्रित हुनेछ । दामोदरकुण्डबाट त्रिवेणीसम्मका जिल्ला, प्रदेश, पालिकासम्म अभियान चलाएर नदी सभ्यता र जलाधार क्षेत्र संरक्षणको कार्यक्रम गरिने भएको हो । यसअघिका ३० वटा महासभा भने बागलुङ, तनहुँ र पोखरामा मात्र भएका थिए । कानुनी रूपमा बन्देज गरिएको असार, साउन र भदौमा पनि नदी दोहन भएको छ । पटकपटक दोहन भएकामा सभाले चिन्ता व्यक्त गरेको छ । "पहिलाका बूढापाकाले जानेर नदीको सामग्री दोहन गरेनन्, बरु नदीको पूजा गरेर सभ्यता जोगाएका थिए", महासभाका सदस्य तारानाथ शर्माले भन्नुभयो, "नदी सभ्यता, जलक्षेत्र जोगाउन सकिएन भने मानवजीवन पनि सङ्कटमा पर्छ ।" गण्डकीका दर्जनौँ क्षेत्रको पर्यटकीय विकास गरेर करोडौँ कमाउन सकिनेमा नदी दोहन रोक्नुपर्ने शर्माले बताउनुभयो ।

# पुरस्कारको रकमबाट विद्यालयमा 'इन्टरएक्टिभ टचस्क्रिन स्मार्ट बोर्ड' 'स्मार्ट बोर्ड' जडान

पोखरापत्र संवाददाता
म्याग्दी, १० भदौ

सदरमुकाम बेनीमा रहेको प्रकाश माध्यमिक विद्यालयले शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग गर्दै 'स्मार्ट बोर्ड'बाट अध्यापन गराउन सुरुआत गरेको छ । विद्यालयमा सञ्चालित कक्षा ११ र १२ को विज्ञान विषयको पठनपाठनमा स्मार्ट बोर्डलाई प्रयोगमा ल्याइएको हो ।

विद्यालयले दुईवटा स्मार्ट बोर्ड र आवश्यक उपकरणको खरिद गरेर स्मार्ट बोर्डबाट पठनपाठन गराउने कार्यको सुरुआत गरेको विद्यालयका प्रधानाध्यापक लेखबहादुर हमालले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्ष बेनी नगरपालिकामा कार्यसम्पादन मूल्याङ्कनमा प्रथम भएपछि नगरपालिकाबाट प्राप्त गरेको रु तीन लाख पुरस्कार रकमबाट रु दुई लाख १८ हजार खर्च गरेर एउटा स्मार्ट बोर्ड सहित स्ट्याण्ड, ओपिएस बक्सलगायत सामग्री गरिद गरिएको छ । त्यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण श्रेष्ठले समेत व्यक्तिगत रूपमा रु एक लाख ६० हजार खर्च गरेर एक थान स्मार्ट बोर्ड खरिद गरी विद्यालयलाई उपलब्ध गराउनुभएको छ । विद्यालयमा दुईवटा स्मार्ट बोर्ड भएपछि विज्ञान विषयमा पठनपाठन हुने कक्षा ११ र १२ मा यसै स्मार्ट बोर्डबाट अध्यापन गराउन थालिएको प्रअ हमालले बताउनुभयो । विद्यालयको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने अभियानअन्तर्गत 'इन्टरएक्टिभ टचस्क्रिन स्मार्ट बोर्ड' जडान गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठले बताउनुभयो । उहाँले प्रविधिमा विद्यार्थी अघि र शिक्षक पछि पर्ने जोखिम रहेकाले स्मार्ट बोर्डले शिक्षकलाई समेत प्रविधिमैत्री बनेर अध्यापन गराउन सहयोग पुग्ने बताउनुभयो । विद्यालयले पहिलोपटक प्रयोगमा ल्याएको स्मार्ट बोर्डको आइतबार बेनी नगरपालिकाका प्रमुख सुरत केसीले शुभारम्भ गर्नुभएको छ । उहाँले शिक्षण सिकाइलाई समयसापेक्ष रूपमा प्रविधि र व्यावहारिकतामा जोड्नुपर्ने बताउँदै प्रकाश माविले स्मार्ट बोर्डबाट अध्यापन गराउन सुरु गरेको कार्यले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने बताउनुभयो । कक्षा १२ सम्म पठनपाठन हुने यस विद्यालयमा एक हजार एक सय ५० बढी विद्यार्थी अध्ययरत छन् । विसं २०६६ देखि जिल्लामा पहिलोपटक विज्ञान विषयमा कक्षा ११ र १२ मा पठनपाठन गराउन सुरु गरेको विद्यालयमा अहिले कक्षा १२ मा ३० र कक्षा ११ मा २५ जना भर्ना भइसकेको र भर्ना हुने क्रम जारी रहेको विद्यालयका सहायक प्रधानाध्यापक विनय श्रेष्ठले जानकारी दिनुभयो ।


## Galyang Municipality

Office of The Municipal Executive
Galyang, Syangja

## Invitation for Bids (IFB)

for

**Supply and Delivery of Surgical Equipments and Medicines for Galyang Municipality**

**IFB NO:01/2081-82**

First Date of Publication: 2024/08/27 ( 2081/05/11)

1.Galyang Municipality invites electronic bids from eligible bidders for Supply and Delivery of Surgical Equipments and Medicines for Galyang Municipality under national competitive bidding -Single stage Single Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/ GOODS/ 01/2081/82 | Supply and Delivery of Surgical Equipments and Medicines for Galyang Municipality | 76,000 | 26/09/2024 12.00 Hours | 26/09/2024 14.00 Hours | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**